*[आदरणीय विद्वान् श्री सत्यमोहन जोशीको विद्वद-प्रवचन]*

**मदन पुरस्कार गुठीका आदरणीय अध्यक्षज्यू,**
**आदरणीय विद्वद्जन,**
**साहित्यानुरागी महिला तथा सज्जनवृन्द !**
**नमस्कार !**

मदन पुरस्कार गुठीको तत्त्वावधानमा ललितपुरस्थित श्रीदरबारटोलको यस सुन्दर थिएटर (अडिटोरियम)मा सम्पन्न भैरहेको आजको यो पुरस्कार वितरण समारोहमा मेरा आफ्ना दुईचार अभिव्यक्ति पोख्ने सौभाग्य जुन मैले पाएँ मेरो लागि यो अविस्मरणीय सुखद क्षण भएको छ। यस्तो विरलै पाइने सुअवसरका लागि मदन पुरस्कार गुठीप्रति म हार्दिक आभार व्यक्त गर्दछु। साथै आजको यस समारोहमा प्रतिष्ठामूलक 'मदन पुरस्कार'का विजेता, बहुचर्चित आत्मसंस्मरणात्मक कृति 'अन्तर मनका यात्रा' का स्वनामधन्य स्रष्टा जगदीश घिमिरेज्यू तथा उत्तिकै प्रतिष्ठामूलक 'जगदम्बा-श्री पुरस्कार' पाउनुहुने नेपाली भाषा साहित्यका दीर्घसेवी स्वनामधन्य स्रष्टा कृष्णप्रसाद पराजुलीज्यूमा हार्दिक बधाई टक्र्याउँछु। आजभन्दा ५३ वर्षअघि जुन उद्देश्यले ज. मदनशमशेरका नाममा स्थापित मदन पुरस्कार गुठीबाट 'मदन पुरस्कार' प्रदान गर्ने परम्परा कायम भयो र त्यसैको निरन्तरतामा आज भैरहेको यो समारोहको नेपाली भाषा साहित्यको इतिहास र विकास क्रममा उल्लेखनीय पृष्ठभूमि रहिरहनेछ। नेपाली भाषाको श्रीवृद्धिमा यसको गहकिलो योगदान हुनेछ ।

वास्तवमा श्रीदरबारटोलको यो समारोहस्थल नेपाली भाषा साहित्यको एउटा अतीव पवित्र तीर्थस्थल नै भएको छ र यहाँको मदन

पुरस्कार पुस्तकालय नेपाल र नेपालीहरूको एउटा साझा 'साहित्य-मन्दिर' को रूपमा साकारित भैरहेको छ। मैले सुनिराखेको त्यो ईसापूर्व चौथो शताब्दीतिर युरोपमा युनान (ग्रीस) को राजधानी एथेन्समा महान् दार्शनिक विद्वान् प्लेटोले संस्थापन गरेको विद्वद् परिषद् जुन पछि त्यो एकेडेमी (Academy) नामले विश्वप्रसिद्ध भयो, आज त्यसैको अनुरूप उँ सँगिएको मदन पुरस्कार पुस्तकालयको साहित्य मन्दिरको छहारीमा यो गरिमामय विद्वद् भेला हुनु नै राष्ट्रकै गौरव भएको छ।

यसै समारोहमा यतिबेला मलाई दुईचार पुराना कुराहरूको सम्झना हुन थाल्छ। किनभने २०१२ सालमा मदन पुरस्कार गुठीको विधिवत् स्थापना भएपछि, सर्वप्रथम प्रदान गरिएको २०१३ सालको मदन पुरस्कार पाउनेहरूको अग्रपङ्क्तिमा मैले पनि तत्कालीन गुठीका संस्थापिका रानी जगदम्बाको करकमलबाट गद्य साहित्यतर्फको 'मदन पुरस्कार' पाउने सौभाग्य पाएको थिएँ। त्यसबेला कविशिरोमणि लेखनाथ पौड्याल र पण्डितराज सोमनाथ सिग्द्यालज्यूहरूले गुठीका संस्थापिकामा औपचारिक रूपमा मेरो परिचय टक्र्याएपछि मैले पुरस्कार पाएको त्यो अविस्मरणीय दृश्य अहिले पनि झलझली नै हुन्छ। हुन त आज कविशिरोमणि र पण्डितराज दुवैजना बितिसके, तर नेपाली भाषा साहित्यको विकासक्रममा अतुलनीय योगदान दिने सबै स्रष्टाहरू (Makers of Nepali Language & Literature) को तथ्याङ्कसहितको विवरण मदन पुरस्कार पुस्तकालयमा सुरक्षित हुनु तथा मदन पुरस्कार पुस्तकालयकै वेवसाइटमा समेत रहनु निश्चय नै प्रशंसनीय र दूरदर्शी कार्य भएको छ।

त्यो साल 'मदन पुरस्कार' प्राप्त गरेको मेरो पुस्तकको नाम थियो 'हाम्रो लोक संस्कृति'। वास्तवमा त्यस पुस्तकभित्र मेरो आफ्नो सिर्जना भने केही थिएन। त्यसभित्र जेजति थिए ती सब गाउँघरमा गाउँघरकै दाजुभाइ दिदीबहिनीहरूले गाउने गरेका मौखिक रूपमा सुरक्षित लोकगीतहरूको सङ्कलन मात्र थियो। म त केवल निमित्त मात्र

थिएं। तिनताक लोकगीतलाई 'झ्याउरे' नै भन्ने गरिन्थ्यो र यसलाई उपेक्षित दृष्टिले हेरिन्थ्यो। अनि 'संस्कृति' शब्द पनि लोकगीतसँग गाँसिएर प्रचलनमा आएको थिएन। तर मैले सङ्कलन गरी तयार पारेको लोकगीतहरूको त्यो पुस्तकको नाम नै "हाम्रो लोक संस्कृति" राख्न पुगें। र, आज फर्केर हेर्दा साहित्य र संस्कृतिको फाँटमा मैले कसरी समर्पित भएर फट्को मार्न पुगें त्यो चाहिँ मैले थापेर लिएको 'मदन पुरस्कार'बाटै प्राप्त प्रेरणादायक दिशाबोध अनुसरण गर्दै जाँदाको प्रतिफल हो भन्ने मलाई लागेको छ। तदुपरान्त 'मदन पुरस्कार' नै मेरो निमित्त मार्गचित्र बन्यो। यसैको परिप्रेक्ष्यमा सत्यतथ्यको एउटा प्रसङ्ग उल्लेख गर्न चाहन्छु।

हाम्रो देशमा २०१५ सालको प्रथम आम चुनावपछि गठित नेपाली काङ्ग्रेसको सरकारले प्रशासन व्यवस्थाको संरचनामा अनेक सुधारकार्य गर्नुको अतिरिक्त पुरातत्वसँग संस्कृति गाभेर 'पुरातत्व र संस्कृति विभाग' नाम राखेर एउटा नयाँ विभाग पनि प्रतिस्थापना गरेको थियो। र, सरकारले त्यस नयाँ विभागको पहिलो डाइरेक्टरको पदमा मलाई नियुक्त गर्दा त्यसवेला मेरा लागि सपना हो कि विपनाऊैं भएको थियो। किनभने त्यसवेला म जनगणना गर्ने सङ्ख्या विभाग अड्डामा एक जना राजपत्रअनङ्कित (Non-Gazetted) तल्लो तहको जागिरे थिएँ, एकैचोटि पुरातत्त्व र संस्कृति विभागमा विभागीय प्रमुखको डाइरेक्टर पदमा राजपत्रअङ्कित प्रथम श्रेणीको पदमा (Gazetted Officer) कसरी नियुक्त हुनगयो, त्यसवेला स्वयं मैले बुझ्न नसकेको कुरो थियो त्यो। त्यसैले पहिले त मैले विचार गरें, पुरातत्त्व र संस्कृति विभागमा डाइरेक्टर पदमा नियुक्त हुने व्यक्ति अर्कै सत्यमोहन जोशी नामको व्यक्ति हुनुपर्छ। अनि सो डाइरेक्टर पदमा अरू कसैले वहाली नगरेको कुरा थाहा भएपछि म त्यो नयाँ पुरातत्त्व र संस्कृति विभागको कार्यालय खोज्दै सिंहदरवार सचिवालय पसें। त्यो नयाँ विभाग शिक्षा मन्त्रालयअन्तर्गत रहेछ र त्यसवेला शिक्षामन्त्री परशुनारायण चौधरी काम विशेषले

देशबाहिर जानुभएकाले, शिक्षामन्त्रालयको कार्यभारसमेत सम्हालेर वस्नुभएका गृहमन्त्री सूर्यप्रसाद उपाध्यायप्रति डाइरेक्टरको पद पाएकोमा आभार व्यक्त गर्दै निवेदन गरें "मन्त्रीज्यू, पुरातत्त्व र संस्कृति, यी दुवै विषय मेरा निमित्त नौला हुन्, मैले निर्वाह गर्नुपर्ने उत्तरदायित्वहरू केके हुन्, निर्देशन पाऊँ।" मेरो यसकिसिमको सोझो कुरा सुनेर हाँस्दै मन्त्रीज्यूले भन्नुभयो– "हाम्रो 'लोकसंस्कृति'को ग्रन्थ लेखेर 'मदन पुरस्कार' पाउने व्यक्ति तपाईं नै होइन र?" मैले सविनय निवेदन गरें– "त्यो त हो, मन्त्रीज्यू।" अनि मन्त्रीज्यूले छिनाफाना गरेर भन्नुभयो– "जानुस् अब तपाईं आफ्नो नयाँ पुरातत्त्व र संस्कृति विभागमा बहाली गर्न।" आज फर्केर हेर्दा ५० वर्षअघिको कुरो भैसक्यो यो। त्यसबेला मैले मनमनै ठहर गरें 'हाम्रो लोकसंस्कृति' मा पाएको 'मदन पुरस्कार'ले नै मलाई योग्य उम्मेदवार ठहऱ्याएर पुरातत्त्व र संस्कृति विभागको डाइरेक्टरको जस्तो उच्च पदमा नियुक्त गरेको रहेछ।

तदुपरान्त गाउँघरमा खटिएर जनगणना गर्ने मेरो जागिरे जीवनबाट फनक्क मोडिएर पुरातत्त्व र संस्कृतिको फाँटमा मैले पदार्पण गरें। तर ममा लघुताभासचाहिँ रहिरह्यो। किनभने न त म कुशल प्रशासक नै थिएँ न त तालिमप्राप्त पुरातत्त्वविद् तथा संस्कृतिविद्। वास्तवमा त्यसबेलासम्म पुरातत्त्व भनेको के हो? त्यो नाम नै मेरा लागि नौलो र अपरिचित थियो। 'संस्कृति' शब्दचाहिँ मैले गाउँघरमा सङ्कलन गरेको मौखिक परम्परामा सुरक्षित तथा अलिखित लोकगीत नै हो भनेर सम्झेको थिएँ। तर त्यो पनि मेरो ज्यादै साँगुरिएको शोच थियो। अबचाहिँ मैले आफूलाई आफैले पत्याउन नसके पनि मदन पुरस्कारको प्राप्तिमा सरकाले नै मलाई पत्याइदिएकाले मैले पाएको मदन पुरस्कारले मलाई बिस्तारैबिस्तारै लघुताभासबाट गुरुताभासमा उठाइदियो। अनि कर र बलले नै म पुरातत्त्व र संस्कृतिको स्वाध्याय विद्यार्थी बन्नपुगें र दृढ सङ्कल्पित भएर सम्बन्धित क्षेत्रमा केही गरेर देखाऊँ भनेर म कार्यक्षेत्रमा चुर्लुम्म डुबें।

मेरो आँखा अघिल्तिर विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित नेपाल एक अति प्राचीन देशको रूपमा फ्लफ्ली हुनथाल्यो । यहाँ विभिन्न युगमा सभ्यता र संस्कृतिका विभिन्न रूप विकसित, परिवर्तित र विलुप्त भएका तथ्यहरू छरिएर रहेका रहेछन्, त्यो बिस्तारैबिस्तारै बुझ्न थालें। अनि त्यसबेलाका नेपाली विद्वद्जनहरूले सम्पादन गरी प्रकाशमा ल्याइएको 'हिमवत्संस्कृति' पत्रिकामा "सा प्रथमा संस्कृतिर्विश्ववारा" (त्यो प्रथम संस्कृति नै विश्वव्यापक) भनेर जुन मूल मन्त्र उल्लेख गरिएको थियो त्यसको तात्पर्य टड्कारो हुन थाल्यो। अनि नेपालको पुरातात्त्विक र सांस्कृतिक निधि र वैभवको गहिराइ र उचाइ, लम्बाइ र चौडाइ कहाँ कसरी पत्ता लगाउने भनी त्यसैमा सोच्न र संलग्न हुन थालें।

नयाँ विभागको रूपमा नौलो अनुहार लिएर देखा परेको पुरातत्त्व र संस्कृति विभागका क्रियाकलापसम्बन्धी चर्चा-परिचर्चाका क्रमहरू चल्न थालेपछि, यत्तिकैमा एक दिन एक जना शुभचिन्तक मित्र न्हुछेमान डंगोलले उनका पुर्खाले खेतमा मल हाल्नका लागि कालीमाटी खन्दा प्राप्त गरिराखेको एउटा माछोको अवशेष शिलास्त (Fossil) टाँसिएको कालीमाटीको डल्लो विभागमा देखाउन ल्यायो। हुन त कालीमाटीमा पातपतिङ्गरका अवशेषहरू यदाकदा भेटिन्छन् तर सिङ्गो माछोको अवशेष भेटिएको र देखिएको चाहिं यही नै थियो। अनि यो माछोको अवशेष देखेपछि सोच्न थालें– प्रागऐतिहासिक कालमा नेपाल मण्डल काठमाडौं उपत्यका एउटा विशाल ताल थियो भनेको तथ्य सत्य नै रहेछ, तालको पानीको निस्काशनपछि जब बचेको जमेको हिलोमाटो कालीमाटीमा परिणत भयो त्यो नै कालान्तरमा अवशेषको रूपमा (fossilized भएर) कालीमाटीमा परिणत भयो र प्राप्त भएको माछाको अवशेष त्यसको एक ज्वलन्त उदाहरण बन्यो। र, मेरो निमित्त मदन पुरस्कार गुठीकै मुखपत्र 'नेपाली' त्रैमासिक पत्रिकामा सम्पादकज्यूले कालीमाटीमा टाँसिएको त्यो माछोको अवशेषको चित्र विवरणसहित प्रकाशमा

ल्याइदिएपश्चात् काठमाडौं उपत्यकाभित्र सबभन्दा पहिले बस्ती गर्न आउने आदिवासीहरू कुनवेला कहाँबाट पसे होलान् भन्ने प्रश्नचिह्न पनि स्वत: देखापऱ्यो ।

हुन त नेपालमा मात्र होइन, विश्वमा अन्यत्र मुलुकहरूमा पनि हजारौं वर्षअघि पहिले मानव कसरी देखापऱ्यो भन्ने कुरामा वादविवाद नै हुनेगर्दछ। मुख्य कुरोचाहिँ आदिवासी मानवहरूको अवशेष (Fossil remaing) नभेटिउन्जेल तथा उनीहरूले प्रयोगमा ल्याएका पाषाण हतियारहरू प्राप्त नहुन्जेल मानवहरूको आदिबस्तीबारे यसै हो भनेर निश्चित गर्न गाह्रो पर्दोरहेछ ।

तर प्राय: यतिचाहिँ निश्चत गर्न सकिनेरहेछ– पाखा कन्दरा, गुफा ओडारहरूमा तथा नदीका किनाराका भूभागहरूमा नै आदिमानवहरूको प्रारम्भिक बस्ती बस्दोरहेछ । र, यतैबाट विशेषत: नदीकै किनाराका बस्तीहरू नै आदिमानव सभ्यता र संस्कृतिको उदगमस्थलहरू वन्ने रहेछन्। यसैले नै होला, मिश्र (Egypt) देशको सभ्यतालाई नाइल नदीको वरदान, त्यस्तै मेसोपोटामियाको सभ्यतालाई युफ्रेटस र टाइग्रीस नदीको वरदान, चीनको सभ्यतालाई याँसी नदीको वरदान, भारतको सभ्यतालाई गंगा-जमुना, सिन्धु र ब्रह्मपुत्र नदीको वरदान भन्ने गरेको रहेछ । यसै पृष्ठभूमिमा नेपालमण्डल काठमाडौं उपत्यकाको सभ्यता र संस्कृतिमा पनि नेपाल माहात्म्यमा वर्णित शतरुद्र पहाडको श्रृङ्खलामा शिवपुरीको बागद्वार अथवा बाग्धारा उद्गम स्थल भएर उपत्यकामा बग्ने वाग्मती नदी र यसका शाखा नदीहरू नै वरदान भएर नेपालको 'बागमती सभ्यता' देखा परेको रहेछ ।

एकदिन पुरातत्त्व र संस्कृति विभागको मेरो कार्यालयमा दुई जना साहित्यिक बन्धुहरू मोहन कोइराला र शङ्कर कोइराला आउनुभयो । उहाँहरूले एउटा रुमालमा पोको पारेर ल्याएको एउटा वस्तु मेरै अधिल्तिर टेबिलमा राखेर भन्नुभयो– "जोशीजी, तपाईं पुरातत्त्व र संस्कृति विभागको प्रथम डाइरेक्टर हुनुभएकोमा हार्दिक बधाई

छ, अनि यो हाम्रो घरमा पुर्खाहरूले सुरक्षित गरिराखेको ज्यादै पुरानो बज्रढुङ्गा भन्ने गरेको गईंगो धारिलो ढुङ्गा तपाईंको नयाँ विभागलाई काम लाग्ला कि भनेर ल्याइदिएको ।" अनि त्यसवेला त्यो प्राचीन कालको वज्रढुङ्गा पहिलोपटक देखेपछि मेरो तेस्रो आँखा खुल्यो। वास्तवमा त्यो वज्रढुङ्गा काठमाडौं उपत्यका र यसको सेरोफेरोमा बस्ने पाषाण युग (Neolithic Age) का आदिवासीहरूले प्रयोग गर्ने ढुङ्गाको वञ्चरो रहेछ र त्यसले हाम्रा आदिवासी पुर्खाहरूको सभ्यता र संस्कृति वोकेको रहेछ । अनि त्यसै दिनदेखि त्यो अमूल्य तर अति दुर्लभ वज्रढुङ्गालाई प्रारम्भिक पुरातात्त्विक पुँजीको रूपमा जगेर्ना गरेर पुरातत्त्व र संस्कृति विभागले नामअनुसारको काम थालनी गरेर पाषाण युगका अर्थात् पाँच हजार वर्षपूर्वका विविध प्रकारका पाषाण हतियारहरू (Stone Axes) को खोजी र सङ्कलन गर्ने अभियानको सूत्रपात गऱ्यो। फलत: पुरातत्त्व र संस्कृति विभागमा यत्रतत्रको खोजीबाट विविध प्रकार र शैलीमा ढुङ्गाका वञ्चरोहरू (Neolithic Collections) प्राप्त हुनथाल्यो ।

पुरातत्त्व र संस्कृतिको महत्त्व, भूमिका र उपादेयतालाई बुझ्दै जाँदा, काठमाडौं उपत्यकामा वाग्मती सभ्यताअन्तर्गत पुरातात्त्विक र सांस्कृतिक स्थलहरूको निरीक्षण, अध्ययन, अन्वेषण र सर्वेक्षण गर्ने क्रममा अनि म एकदिन टुकुचाको किनारामा अवस्थित लाजिम्पाट धोवीचौरको थुम्कोमा पनि पुगें । र, त्यहाँ मैले अन्य प्राचीन मूर्ति र शिवलिङ्गहरूको अतिरिक्त जब एउटा अनुपम प्रस्तर मूर्तिको सिरानमा घाँसेहरूले हँसिया उध्याउन लागिरहेको देखें, मेरा आँखा सरर रसाएर आएको मैले चालै पाइनँ; मलाई असाध्य पीडा वोध भयो। त्यो प्रस्तर मूर्ति त एउटा प्राचीन विशाल मन्दिरको भग्नावशेषमा खुल्ला रूपमा जलहरिसहित ठड्याइएको एउटा अद्वितीय मूर्ति थियो, त्यसमा ताम्रलेपको चहकिलोपना अझै वाँकी रहेछ। वास्तवमा त्यो मूर्ति ईसाको पाँचौं शताब्दीमा राजा मानदेवको पालामा बनेको भगवान्

विष्णुविक्रान्त (वामन) को कलात्मक सुन्दर मूर्ति रहेछ र त्यस मूर्तिको पादपीठमा लिच्छविलिपि संस्कृत भाषामा स्रग्धरा छन्दमा रचिएको उत्कृष्ट काव्य-कविता कृति र मूर्ति निर्माण कालको तिथिमिति पनि रहेछन् यथा–

मातुः श्रीराज्यवत्या हितकृतमनसः
सर्व्वदा पुण्य वृध्द्यै
राजा श्री मानदेवः शुभविमल मतिः
पात्रदानाम्बुवर्षी
लक्ष्मीवत्कारयित्वा भवनमिह शुभं
स्थापयामास सम्यक्
विष्णुं विक्रान्तमूर्तिं सुरमुनिसहितं
सर्व लोकैक नाथम् ।

सं. ३८८ वैशाख शुक्ला दिवा ।

भावार्थः– राजा श्रीमानदेवले आफ्नी माता राज्यवतीको नाममा एउटा विशाल मन्दिर बनाउन लगाई तीनै लोकका देवता कहलिएका भगवान् विष्णुविक्रान्त (त्रिविक्रम वामन) को मूर्ति यस ठाउँमा विधिपूर्वक स्थापना गरे ।

यस श्लोकमा उत्कीर्ण गरिएको साल मिति संवत् ३८८ वैशाख शुक्ल दिवा हो । र, यो साल त्यसबेलाको प्रचलित शक संवत् हो जसअनुसार यो मूर्ति ईसाको पाँचौं शताब्दीमा बनिएको विदित हुन आउँछ ।

हुन त आज संस्कृत भाषामा रचिएको काव्य कृति भएको यस श्लोकमा वर्णन गरिएको भगवान् विष्णु विक्रान्त वामनको त्यो भव्य विशाल मन्दिर प्राकृतिक प्रकोपबाट सम्भवतः महाभूकम्पबाट धराशायी भैसक्यो, तर त्यसबेलाको त्यो मन्दिरभित्रको यो प्रस्तर मूर्तिचाहिँ यो

सानो थुम्कोको खुला चउरमा १५/१६ सय वर्षअघि संस्कृत भाषामा रचना गरिएको उत्कृष्ट काव्य कृति, अद्वितीय कलाकारिता भएको मूर्ति र प्रामाणिक साल मिति बोकेर उपेक्षित अवस्थामा मिल्किएर रहेको पाइयो। वास्तवमा नेपाली काव्य साहित्य र नेपाली मूर्तिकलाको इतिहास लेखनका लागि तथा विकासक्रमको आधारशिला तयार गर्नका लागि विष्णुविक्रान्तको यो प्रस्तर मूर्तिको अभिलेख तिथिमितिसहित जीवन्त नै रहेको देखियो। अनि काठमाडौं उपत्यकामा त्यसबेला संस्कृत भाषा सर्वाङ्गीण वाग्मती सभ्यताको प्रतीक र अभिव्यक्ति थियो भन्ने तथ्यको साक्षी भैरहेको मलाई स्पस्ट भयो।

त्यस प्राचीन समयमा काठमाडौं उपत्यकामा बूढानीलकण्ठदेखि ललितपुर (पाटन) को शङ्खमूलसम्म फैलिएर गुलजार भएको विशालनगर (हाँडीगाउँ क्षेत्र) मा आजको यो टुकुचाखोलानेर लाजिम्पाटको धोवीचौरको थुम्कोमा विष्णुविक्रान्तको प्रस्तर मूर्ति स्थापना गरिएको विशाल मन्दिर भएको थलो नै सम्भवत: त्यसबेलाको प्रमुख सहर अथवा राजपट्टन (राजधानी) थियो र आज त्यही राजपट्टनको अपभ्रंश 'लाजिम्पाट' हुनपुगेको छ। तर यतिबेला लाजिम्पाटको त्यो स्वर्णयुग तुल्यको वैभव खंडहरमा नै कहीं कतै विलुप्त भैरहेको छ। र, त्यसले पुरातात्त्विक उत्खनन (Excavation) को प्रतीक्षा गरिरहेको छ। केवल सौभाग्यले विष्णुविक्रान्तको मूर्तिचाहिं नस्ट हुन पाएन र यो मूर्ति नै नेपाल राज्यमा सम्भवत: प्रामाणिक तिथिमिति भएको प्राञ्जल संस्कृतमा रचना गरिएको काव्य-कविताको सबभन्दा जेठो कृति भएको छ। हाल यो मूर्ति छाउनीस्थित राष्ट्रिय सङ्ग्रहालयमा सुरक्षित गरी प्रदर्शनमा राखिएको छ।

नेपाल मण्डल उपत्यकाभित्रका वाग्मती सभ्यताकै प्रसङ्ग र क्रममा अद्यापि कालजयी भएर उभिएका गोकर्णेश्वर, गुह्येश्वरी, पशुपति, चाँगुनारायण, वौद्धनाथ, स्वयम्भू चैत्य, कुम्भेश्वर, गौरीकुण्ड, ढुङ्गेधारा आदि तथा अनेक कालखण्डमा विलुप्त भएर नाममा मात्र बाँचिराखेका मानगृह,

कैलाशकूट भवन, भद्रादिवास भवन आदि राजप्रासादहरूका पनि आआफ्ना भूमिका रहेका छन् । उपत्यकाबासीहरूका जनजीवनका सांस्कृतिक, सामाजिक र धार्मिक पक्षमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपले वाग्मती सभ्यताको प्रभाव परेकै छ ।

आज विश्वसंस्था युनेस्को (UNESCO) ले काठमाडौं उपत्यकाभित्रका वाग्मती सभ्यता बोकेका सातओटा स्थलहरूलाई त विश्वसम्पदा (World Heritage) सूचीभित्र नै राखिसकेको छ, किनभने युनेस्कोको परिभाषाअनुसार त मानवमा निहित सृजनात्मक प्रतिभाद्वारा निर्मित कृतिहरू जब सर्वोत्कृष्ट (Masterpiece) को रूपमा देखापर्दछन्, त्यसवेला त्यस्ता कृतिहरू भएका स्थलहरू नै विश्वका मानवमात्रका साझा सांस्कृतिक सम्पदा बन्न पुग्छन् ।

वाग्मती सभ्यताको निधिभित्र अनुपम गगनचुम्बी मन्दिर, चैत्य, ढुङ्गेधारा, राजप्रासाद, विहार र उत्कृष्ट कलाकारिता भएका मूर्तिहरू त बाहिरबाटै निरीक्षण गर्न सकिने स्पृश्य सांस्कृतिक सम्पदा (Tangible Cultural Heritage) नै भए, तर वाग्मती सभ्यताकै निधिभित्र बाहिरबाट नदेखिने अस्पृश्य सांस्कृतिक सम्पदाहरू (Intangible Cultural Heritage) पनि थुप्रै रहेछन् र यस किसिमका सम्पदाहरू हाम्रा पुर्खाहरूले कुन वेलादेखि कसरी जम्मा गरे त्यसको जानकारी र निरीक्षण गर्ने क्रममा अनि एकदिन म घन्टाघरको तल्लो पेटीको बरन्डा जोडिएको भुइँतलाको भित्री कोठामा रहेको वीर पुस्तकालयमा पुगें। हुन त त्रिचन्द्र कलेजमा चार वर्षको विद्यार्थी जीवन बिते पनि, मैले कुनै दिन पनि घन्टाघरमुनि अवस्थित त्यो वीर पुस्तकालय (हाल रामशाह पथमा रहेको राष्ट्रिय अभिलेखालय) भित्र गएर हस्तलिखित पुस्तक हेर्न जाने त के कुरा, पुस्तकालयको प्रवेशद्वारको दैलोभित्र पाइला हाल्ने चेष्टासम्म पनि कहिल्यै गरिनँ। एक त पुस्तकालयका अधिकारीहरूले जो पायो उसलाई पाण्डुलिपिका पुस्तकहरू देखाउँदैनन् पनि, केवल माथिल्लो तहबाट स्वीकृति बक्साएर आउने विदेशी विद्वान् र विदुषीहरू मात्र यदाकदा पुस्तकालयभित्र

अध्ययन-अन्वेषण कार्यमा व्यस्त भैरहेका देखिन्थे। पुरातत्त्व र संस्कृति विभाग गठन भएपछि, त्यो वीर पुस्तकालय स्वतः पुरातत्त्व र संस्कृति विभागकै मातहतमा आएको थियो। र, पुरातत्त्व र संस्कृति विभागका डाइरेक्टरको हैसियतले सर्वप्रथम मैले वीर पुस्तकालयको निरीक्षण गर्ने सौभाग्य पाएँ। अनि नियमित रूपले भैरहने निरीक्षणको क्रममा मैले वीर पुस्तकालयबाट धेरै कुरा थाहा पाएँ, धेरै कुरा सिकें र राष्ट्रिय उपलब्धिका कार्य सम्पादन गरें। वास्तवमा त्यो वीर पुस्तकालय त नेपालको अद्वितीय किसिमको विद्याको भण्डार रहेछ, अरु दक्षिण पूर्वी एसियामा नै नाम कहलिएको पाण्डुलिपि ग्रन्थहरू भरमार भएको अध्ययन-अन्वेषण केन्द्र रहेछ ! त्यहाँ धर्मशास्त्र, दर्शन, तन्त्रमन्त्र, स्वास्थ्योपचार, ज्ञानविज्ञानका विविध विधाका अधिकांश संस्कृत भाषामा लेखिएका हस्तलिखित ग्रन्थहरू रहेछन्।

वीर पुस्तकालयमा रहेका यिनै ग्रन्थहरूको अध्ययन, अन्वेषण र अनुसन्धान गर्नलाई तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेरका पालामा भारतका एक जना प्रकाण्ड विद्वान् तथा बङ्गाल एसियाटिक सोसाइटीका उपाध्यक्ष महामहोपाध्याय हरिप्रसाद शास्त्री काठमाडौं आए। र, यिनले त्योबेला अथक परिश्रम गरेर दुई भाग ग्रन्थ सूची वैज्ञानिक ढङ्गले तयार गरेर प्रकाशमा ल्याइसकेका रहेछन्। तदुपरान्त वीर पुस्तकालयमा सूचीकृत हस्तलिखित संस्कृत ग्रन्थहरूको अध्ययन अन्वेषण गर्ने कार्यमा भारतका ख्यातिप्राप्त विद्वान्हरू (शशिभूषणदास गुप्त, प्रबोधचन्द्र बागची, राहुल संकृतत्यायन आदि) ले काठमाडौंमा निकै दिन बसेर शोध कार्य गरेर गएका रहेछन्। यसै प्रसङ्गमा ख्यातिप्राप्त भाषाशास्त्री डा. सुनीतिकुमार च्याटर्जीले 'भारत र नेपाल' नामको शोधकार्यमा यसरी टिप्पणीसमेत गरेको पाइयो–

"Among the literary treasures preserved in Nepal, We in Bengal and East India feel particularly grateful because some of the oldest doeuments in Bengali and the Apabhramsa

of the East have been discovered there. These have pushed back the history of our languages to a thousand years from now."

भावार्थ– नेपालमा सुरक्षित साहित्य निधिहरूका लागि बङ्गाल र पूर्वी भारतका हामीहरू विशेषत: आभारी हुन पाएका छौं। किनभने बङ्गाली र पूर्वी अपभ्रंश (बङ्गाली भाषाका शव्दहरू मिश्रित संस्कृत) का प्राचीनतम अभिलेखहरू (काठमाडौं उपत्यकाका बज्राचार्यहरूले गाउने शास्त्रीय सङ्गीत-प्रधान चर्या गीतहरू) त्यहाँ (वीर पुस्तकालयमा) प्राप्त हुन आए। यसले गर्दा अहिलेको हाम्रो भाषा (बङ्गाली)को भैरहेको इतिहासलाई अरु थप एक हजार वर्ष पुरानो सत्यसावित गरिदिएको छ।

वीर पुस्तकालयको रिकर्डअनुसार फ्रान्स देशका प्रकाण्ड विद्वान् तथा संस्कृत भाषाका ज्ञाता सिलभान लेभीले त वीर पुस्तकालयमा भएका पाण्डुलिपि ग्रन्थहरूको कीरो नै भएर वर्षौं दिन वीर पुस्तकालयमै शोध कार्य गरे। उनले Le Nepal नामका दुई भाग नेपालको इतिहास नै लेखेका रहेछन्। त्यो मैले त्यहीं देखें। फेरि इटालीका अर्का एक जना ख्यातिप्राप्त तत्त्वान्वेषक तथा संस्कृतका ज्ञाता गुसेप टुचीले पनि वीर पुस्तकालयलाई आफ्नो शोधकार्यको स्थल बनाएका रहेछन्। तर उनले एउटा अमूल्य दुर्लभ ग्रन्थ 'कालचक्र' फर्काउने गरेर लिएर गएका भए पनि पटकपटक ताकिता गर्दासमेत त्यो महत्त्वपूर्ण ग्रन्थ फिर्ता भने गर्दैगरेनछन्। सुनेरै दिक्क लागेको थियो।

मैले वीर पुस्तकालयमा गर्ने गरेको निरीक्षणकै क्रममा अधिकारीहरूले मलाई संस्कृत हस्तलिखित ग्रन्थहरूको अतिरिक्त, गाग्रीहरूमा सङ्कलन गरिराखेका प्राचीन मुद्राहरू (Coins) पित्तलका ठूलठूला दुङ्ग्रोमा कोचिराखेका चक्रसंवर आदिका पौभा चित्रहरू, उपत्यका र यसका हाराहारीमा रहेका संस्कृत भाषामा उत्कीर्ण

शिलालेखका प्रतिलिपिहरू, हस्तलिखित ग्रन्थका गाता र भित्री पृष्ठहरूमा सजाइराखेका देवदेवीका र तन्त्रमन्त्रका चित्रहरू आदि एकएक गरेर देखाए। त्यो सबै देख्दा मलाई के खोज्छस् काना आँखाऊँ भयो। मैले सानातिना परियोजना बनाएँ र त्यसलाई मूर्त रूप दिँदै गएँ। सबभन्दा पहिले गाग्रीहरूमा सङ्कलित प्राचीन मुद्राहरूको एउटा सूची तयार पारें र पछिबाट त्यसलाई पुरातात्त्विक, ऐतिहासिक र सांस्कृतिक पृष्ठभूमिमा 'नेपाली राष्ट्रिय मुद्रा' ग्रन्थ नै तयार गरें। त्यसमा मैले पाँचौं शताब्दीका राजा मानदेवदेखि बीसौं शताब्दीका राजा महेन्द्रसम्मका प्राप्त मुद्राहरूको क्रमवद्ध ऐतिहासिक विवरण समाविष्ट गर्न पाएँ। अनि त्यो ग्रन्थ मदन पुरस्कार गुठीकै जगदम्बा प्रकाशन मालाको चौबीसौं ग्रन्थको रूपमा प्रकाशित पनि भयो।

नेपाली पुरातत्त्व र नेपाली इतिहासको अध्ययन अन्वेषण र अनुसन्धानका लागि प्राचीन लिपिको ज्ञान अति आवश्यक हुँदाहुँदै पनि त्यसबेलासम्म लिपिसम्वन्धी कुनै पुस्तक लेखिएको थिएन। अतः वीर पुस्तकालयमा सुरक्षित ती प्राचीन अभिलेखहरूका प्रतिलिपिहरूकै आधारमा लिपिज्ञानका तीनवटा सचित्र पुस्तकहरू दुई जना लिपिविशेषज्ञद्वारा (पं. हेमराज शाक्य र शङ्करमान राजवंशी) तयार पारियो। त्यसपछि पुरातत्त्व र संस्कृति विभागमा लिपिशास्त्र (Epigraphy) को एउटा शाखा नै रह्यो।

वीर पुस्तकालयमै सङ्कलित र सुरक्षित भैरहेका उत्कृष्ट हस्तलिखित रङ्गीन चित्रहरू (विष्णुधर्मोत्तरका दस अवतारका चित्रहरू, राजा प्रताप मल्लका तीर्थयात्राका चित्रहरू, बज्रयानी चक्रसंवर आदिका पौभा चित्रहरू, शैव र बौद्ध देवदेवताका चित्रहरू, जीवजनावरका चित्रहरू, अनेक तन्त्रमन्त्र र मण्डलका चित्रहरू आदि) भक्तपुरमा लगी भक्तपुरको राजप्रासाद (Durbar Square) को लालवैठकलाई 'राष्ट्रिय चित्र सङ्ग्रहालय'मा परिणत गरियो।

वास्तवमा वाग्मती सभ्यताले "वीर पुस्तकालय" मात्र जन्माएको होइन, वाग्मती सभ्यताले मन्दिर, विहार, गुठीघर र प्रतिष्ठित व्यक्तिहरूको घरघरमा पनि विविध विषयका पाण्डुलिपि ग्रन्थहरू (Manuscripts) को सङ्कलन, पूजन र पठनपाठन गर्ने थितिरीति पनि बसालिदियो। यसबारेको एउटा ज्ञातव्य कुरो यहाँ उल्लेख गर्नु प्रासङ्गिक हुन आउँछ–

सन् १८१५ मा नेपाल सरकार र कम्पनी सरकार (अङ्ग्रेजहरूको) हरू बीचको युद्ध समाप्तिमा सम्पन्न भएको सुगौली सन्धिपछि, एक जना अङ्ग्रेजी कूटनीतिज्ञ हडसन (Brian Houghton Hodgson) काठमाडौं आएर दस वर्ष वस्ता उनले त्यसवेला ललितपुर (पाटन) निवासी पं. अमृतानन्द बाँडा (नेपाली गद्यमा 'त्रिरत्न सौन्दर्य गाथा' का लेखक सुन्दरानन्द बाँडाका दाजु) लाई संस्कृत भाषा सिकाउने गुरु थापेका थिए र उनी आफ्नै गुरुमार्फत् संस्थागत र व्यक्तिगत रूपमा सङ्ग्रह भैरहेका विविध विषयका पाण्डुलिपि ग्रन्थहरू खोजी गरेर पोका पनि पार्थे। त्यसबेला पं. अमृतानन्द बाँडाले हडसनसाहेबका लागि एउटा गहकिलो संस्कृत ग्रन्थ 'धर्म कोश' पनि लेखेका थिए। (यस धर्म कोशको नेपाली अनुवाद त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. मुकुन्दराज अर्यालले गरेका छन् र त्यसलाई नेपाल प्रज्ञा-प्रतिष्ठानले प्रकाशनमा ल्याइसकेको छ।)

हडसनले नेपालको राजधानी काठमाडौं उपत्यकामा ताडपत्र, नीलपत्र आदि कागजमा लेखिएका हस्तलिखित संस्कृत ग्रन्थहरू (यसभित्र नीलपत्रमा सुनको मसीले लेखिएका विभिन्न आकारप्रकारका प्रज्ञापारमिता साहित्यका ग्रन्थहरू पनि) सङ्कलन गर्दै आफ्नो कार्यकाल सकिएर स्वदेशतर्फ फर्कन भारी कस्दा, भारतमा त्यसबेला संस्कृत भाषामा लेखिएका बौद्ध ग्रन्थहरू अप्राप्य भैरहेको थियो (विधर्मीहरूको आक्रमण र मारले गर्दा) यस तथ्यलाई भारतीय तत्त्वान्वेषक जैदेवसिंहले आफ्नो

An Introduction to Madhyamika Philosophy (माध्यमिक दर्शनको परिचय) ग्रन्थमा यसरी उल्लेख गरेको पाइन्छ–

'Books on Mahayana Buddhism were completely lost in India. Their translation existed in Chinese, Japanese and Tibetan. Mahayana literature was written mostly in Sanskrit and mixed Sanskrit. Scholors who had made a study of Buddhism hardly suspected that there were books on Buddhism in Sanskrit also.

Mr. Brian Houghton Hodgson was appointed Resident at Kathmandu in Nepal in 1833, and served in this capacity up to the end of 1843.

During this period, he discovered there 381 bundles of manuscripts on Buddhism in Sanskrit. These were distributed to various learned societies for editing and publication. It was then found out that the Buddhism in the Sanskrit manuscripts was greatly different from that of the Pali Canon, and that the Buddhism in China, Japan, Tibet etc was very much similar to that of the Sanskrit works."

अर्थात्

"भारतमा महायानी वौद्ध धर्मसम्वन्धी ग्रन्थहरू पूर्णरूपले हराइसके। यसकिसिमका ग्रन्थहरूको अनुवाद भने चिनियाँ, जापानी र तिव्वती भाषामा भैसकेका रहेछन्। महायानी बौद्ध ग्रन्थ साहित्य अधिकांश संस्कृत भाषामै तथा मिश्रित संस्कृत भाषामा लेखिएका हुन्थे। बौद्ध ग्रन्थको अध्ययन अन्वेषण गर्ने विद्वान्हरूले त संस्कृत भाषामा लेखिराखेका बौद्ध ग्रन्थहरू प्राय: लोप नै भैसके होलान् भनिसके।

सन् १८३३ मा अङ्ग्रेज सरकारको तर्फवाट नेपालको राजधानी काठमाडौंमा मिस्टर ब्रायन ह्युटन हडसन आवासीय राजदूत नियुक्त भए। उनले काठमाडौं उपत्यकामा सन् १८४३ को अन्तसम्म आफ्नो ओहदाको काम गरेका थिए।

यसै समयमा उनले काठमाडौंमा संस्कृत भाषामा लेखिएका बौद्ध ग्रन्थका पाण्डुलिपिहरू ३८१ पोका खोजखाज गरी सङ्कलन गरे। उनले यसरी फेला पारेर सङ्कलन गरेका बौद्ध ग्रन्थहरूको सम्पादन र प्रकाशनका लागि विभिन्न प्रतिष्ठान र पुस्तकालयहरूलाई उपहारस्वरूप सुम्पे। यसवेलादेखि थाहा भयो कि संस्कृत भाषामा लेखिएको बौद्ध ग्रन्थ त पाली भाषामा लेखिएको बौद्ध ग्रन्थहरूदेखि धेरै भिन्न रहेछन् भन्ने कुरो। फेरि यो पनि थाहा हुन आयो कि चीन, जापान, तिव्वत आदि देशमा भएका महायानी बौद्ध ग्रन्थहरू त संस्कृत भाषामा लेखिएका महायानी बौद्ध ग्रन्थहरूसँग धेरै मिल्ने रहेछन् भन्ने कुरो।"

हडसनले नेपालबाट बोकेर ल्याएका पाण्डुलिपि ग्रन्थहरू विभिन्न सङ्घ-संस्था र व्यक्ति (बङ्गाल एसियाटीक सोसाइटि, लन्डनको शाही एसियाटिक सोसाइटी, इन्डिया अफिस लाइब्रेरी, बोडलियन लाइब्रेरी अक्सफोर्ड, सोसाइटी एसियाटिक र एम्. वर्नफ) लाई उपहार स्वरूप दिएपछि, तीमध्ये एक अंश पाउने बंगाल एसियाटिक सोसाइटीका पुस्तकालयका ग्रन्थपाल राजेन्द्रलाल मित्र अति प्रफुल्लित भए र उनले रातोदिन ती ग्रन्थहरूको अध्ययन अन्वेषण गरी विस्तृत विवरणसहितको The Sanskrit Buddhist Listerature of NEPAL (नेपालको संस्कृत बौद्ध साहित्य) नामको एउटा बेजोडको ग्रन्थ नै सन् १८८२ मा कलकत्तावाट प्रकाशनमा ल्याए।

'नेपालको यो संस्कृत बौद्ध साहित्य'को ग्रन्थ अध्ययन गरिसकेपछि, ब्रायन ह्युटन हडसनको जीवनी लेख्ने सर डब्ल्यू डब्ल्यू हन्टरले ग्रन्थपाल राजेन्द्रलाल मित्रद्वारा सम्पादित तथा प्रकाशित The Sanskrit Buddhist Literature ग्रन्थलाई उन्नाइसौं शताव्दीको विद्वद् जगत्मा सबभन्दा ठूलो उपलब्धि हो भनेर ठोकुवा नै गरे।

वाग्मती सभ्यताकै पुन: प्रसङ्गमा तत्कालीन रङ्गमञ्चीय संस्कृति पनि संस्कृत भाषाकै माध्यमबाट चुलिएको थियो, त्यसैको एउटा ज्वलन्त उदाहरण–

काठमाडौं उपत्यकाका आदिबासीहरूका समुदायमा लोकभाषा र लोकसंस्कृतिको आफ्नै अस्तित्व र पहिचान हुँदाहुँदै पनि, ईसाको प्रथम द्वितीय शताव्दीदेखि नै संस्कृत भाषा राज्यको औपचारिक भाषा तथा प्रचार र सञ्चारको माध्यम बनिसकेको विदित हुन्छ। अनि प्रारम्भिक कालको मल्लकालसम्म पनि नाटक मञ्चन हुँदा संस्कृत भाषामै लेखिएको नाटक मञ्चन गर्ने पद्धति देखा पर्दछ। नेपाल संवत् ५०१ (चौधौं शताव्दी) मा नेपाली नाटककार धर्मगुप्तले उत्कृष्ट संस्कृत भाषामा रचना गरेको पूर्णाङ्गी नाटक "रामाङ्कनाटिका" ललितपुरको डवलीमा मञ्चन गरिएको कथन छ। ताडपत्रमा संस्कृत भाषामा लेखिएको यो रामाङ्कनाटिका प्रा. गोविन्दप्रसाद भट्टराईद्वारा शोधपूर्ण अनुवाद गराई नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानले प्रकाशनमा ल्याइसकेको छ।

अन्ततः ठूलठूला छिमेकी देशहरूको दाँजोमा हाम्रो देश नेपाल सानो नै छ, तर सानो देशको राजधानी काठमाडौं उपत्यकामा वाग्मती सभ्यताकै फलस्वरूप विविध क्षेत्रमा यसले अन्य सम्पदाहरूको अतिरिक्त विशेषतः संस्कृत साहित्यका हस्तलिखित ग्रन्थहरू विश्वसम्पदाकै रूपमा सङ्कलन र संरक्षण गर्न सक्नु भनेको प्रतिष्ठावर्द्धक गौरव हो भन्ने निष्कर्षमा म आइपुगें र यसलाई मैले मदन पुरस्कार गुठीबाट प्रदत्त 'मदन पुरस्कार' कै प्रतिफल सम्झें। तर पुरातत्त्व र संस्कृति विभागमा मात्र दुई वर्ष काम गर्ने सौभाग्य मैले पाएँ, किनभने २०१७ साल पौष १ गते राजकीय कूद्वारा तत्कालीन निर्वाचित काङ्ग्रेस सरकार नै धराशायी पारियो र केही दिनपछि मलाई पनि कार्यभारबाट मुक्त भएको पुर्जी दिइयो।

अनि पुरातत्त्व र संस्कृति विभागको संस्मरणका लागि मैले एउटा ग्रन्थ तयार पारें र त्यसको नाम "पुरातत्त्व-एक रोचक कथा" राखें। र, त्यो ग्रन्थ पनि मदन पुरस्कार गुठीकै जगदम्बा प्रकाशन मालाको तीसौं ग्रन्थको रूपमा प्रकाशित भयो र आज त्यो मेरो ग्रन्थ

मदन पुरस्कार पुस्तकालयको वेव साइटमा MPP NO. ३०१६ मा दर्ता भएर रहेको छ ।

अब यो मदन पुरस्कार गुठीकै परिसरमा साहित्य मन्दिरको यो डबलीमा (कमलमणि थिएटरमा) उभिएर 'फर्केर हेर्दा'का मेरा दुईचार अभिव्यक्तिहरू टुङ्याउनुअघि, देशमा आएको नयाँ परिवर्तनमा चौतर्फी 'नयाँ नेपाल' को परिकल्पना जुन हुन लागिरहेको छ त्यसमा नेपालका पुरातत्त्व, संस्कृति, भाषा, साहित्य, सङ्गीत, कला आदिका क्षेत्रहरूमा पनि विविधतामा आपसी निकटतम एकता फस्टाउन पाओस्, श्रीवृद्धि होस् भन्ने कामना गर्दछु ।

जय होस् मदन पुरस्कार गुठीको !